# प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली, २०७६

(मिति २०७९।१२।३० सम्म संशोधन भएका समेत मिलाइएको)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

# प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली, २०७६

प्रदेश राजपत्रमा प्रकाशित मिति

२०७६।०३।०९

संशोधन

| | |
|---|---|
| १. प्रदेश सञ्चारमाध्यम व्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०७७ | २०७७।०४।२६ |
| २. प्रदेश सञ्चारमाध्यम व्यवस्थापन (दोस्रो संशोधन) नियमावली, २०७८ | २०७८।०३।२० |
| ३. प्रदेश सञ्चारमाध्यम व्यवस्थापन (तेस्रो संशोधन) नियमावली, २०७८ | २०७८।०९।२७ |
| ४. प्रदेश सञ्चारमाध्यम व्यवस्थापन (चौंथो संशोधन) नियमावली, २०७९ | २०७९।१२।३० |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "इजाजतपत्र" भन्नाले सञ्चार माध्यम वा प्रसारण संस्था सञ्चालनका लागि सञ्चार रजिष्ट्रारको कार्यालयबाट जारी हुने इजाजतपत्र सम्झनु पर्छ। ⊕सो शब्दले रेडियो उपकरण प्रयोग गर्नका लागि प्रदान गरिएको अनुमतिपत्र समेतलाई बुझाउँछ।

(ख) "उपभोक्ता" भन्नाले यस नियमावलीको प्रयोजनको लागि सञ्चार रजिष्ट्रारको कार्यालयबाट सेवा लिने सम्पूर्ण व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ।

(घ) "सञ्चालक" भन्नाले सामुदायिक सञ्चारमाध्यम सञ्चालन गर्न अनुमति प्राप्त संगठित संस्थाको कार्य समितिको पदाधिकारी वा सदस्यलाई सम्झनु पर्छ।

(ङ) "प्रसारक" भन्नाले प्रसारण गर्ने संस्थाबाट प्रसारण हुने कार्यक्रम उत्पादक, सम्पादक, प्रस्तोता सम्झनु पर्छ। सो शब्दले रेडियो सञ्चालन गर्ने संस्थाका सदस्यहरुलाई समेत जनाउनेछ।

(च) "प्रसारण सेवा" भन्नाले कार्यक्रम, सूचना तथा सन्देशहरु प्रसारण गर्ने उदेश्यले स्थापना भई प्रसारण हुने सार्वजनिक प्रसारण सेवा, सामुदायिक प्रसारण सेवा र नीजि क्षेत्रबाट सञ्चालित व्यापारिक प्रसारण सेवालाई समेत सम्झनु पर्छ।

(छ) "प्रसारण संस्था" भन्नाले यस नियमावलीको अधिनमा रही कार्यक्रम उत्पादन र प्रसारणको इजाजत प्राप्त संगठित संस्थालाई सम्झनु पर्छ।

---

⊕ दोस्रो संशोधनद्वारा थप।

(ज) "सञ्चार रजिष्ट्रार" भन्नाले ऐनको दफा ३१ बमोजिम प्रदेश सरकारले नियुक्त गरेको व्यक्ति सम्झनु पर्छ।

(झ) सामुदायिक सञ्चार माध्यम भन्नाले देहाय बमोजिमका सञ्चार माध्यमलाई सम्झनु पर्छः-

(१) उपभोक्ता समूह, स्थानीय विषय, सार्वजनिक यातायात, जलवायु परिवर्तन, हावापानी तथा मौसम, पर्यटन, शिक्षा, स्वास्थ्य र कृषिसँग सम्बन्धित सरकारी निकाय,

(२) सहकारी, स्थानीय क्लव, गुठी, सामुदायिक वा सार्वजनिक शैक्षिक संस्था वा गैरसरकारी संस्थाको स्वामित्वमा रहेको नाफा आर्जन नगर्ने उद्देश्यका साथ स्थापित संस्था,

(३) सूचना तथा सञ्चार सहकारी संस्थाको माध्यमबाट प्रकाशन तथा प्रसारणको अनुमति प्राप्त सञ्चार माध्यम,

(४) साठी प्रतिशत स्थानीय रुपमा उत्पादन तथा प्रसारण गरेको वा कुल प्रकाशित तथा प्रसारित सामाचार सामग्रीको बीस प्रतिशत भन्दा बढी पुन प्रकाशन वा प्रसारण नगर्ने सञ्चार माध्यम।

(ञ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रसारण संस्थाको सञ्चालन र व्यवस्थापन

३. <u>इजाजतपत्रको लागि निवेदन दिनु पर्ने</u>: ऐनको दफा ५ बमोजिम एफ. एम. रेडियो र स्याटेलाइट प्रणालीबाट प्रसारण हुने बाहेकको टेलिभिजन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

र अन्य सञ्चार माध्यमले कुनै कार्यक्रम प्रसारण गर्न इजाजत लिन चाहने व्यक्ति वा संगठित संस्थाले इजाजत पत्रका लागि ◈<u>एफ.एम. रेडियोको हकमा अनुसूची-१क. र केवल टेलिभिजनको हकमा अनुसूची-१ख.</u> बमोजिमको ढाँचामा सञ्चार रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ।

४. <u>दस्तुर सम्बन्धी व्यवस्था</u>ः (१) ऐनको दफा ५ बमोजिमको इजाजतपत्रको लागि दिने निवेदन दस्तुर तथा दफा ७ बमोजिम सञ्चार रजिष्ट्रारले इजाजतपत्र दिने गरी गरेको निर्णय बमोजिम लाग्ने इजाजत दस्तुर निवेदकले अनुसूची-२ बमोजिम सञ्चार रजिष्ट्रारले तोकेको प्रदेश सरकारको राजश्व खातामा बुझाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको दस्तुर बुझाएको एकप्रति भौचर सञ्चार रजिष्ट्रारको कार्यालयमा बुझाउनु पर्नेछ।

५. <u>इजाजत दिन सकिने</u>ः (१) ऐनको दफा ७ बमोजिम परेको निवेदन सञ्चार रजिष्ट्रारले जाँचबुझ गर्दा इजाजत दिन उपयुक्त ठहर्‍याएमा ◈<u>एफ.एम. रेडियोको हकमा अनुसूची-३क. र केवल टेलिभिजनको हकमा अनुसूची-३ख.</u> बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र दिंदा देहायका शर्तहरु तोक्नु पर्नेछः-

(क) कार्यक्रम प्रसारण वा वितरण गर्दा सम्बन्धित प्रसारण संस्था वा व्यक्तिको सहमति लिनु पर्ने,

(ख) इजाजतपत्रमा उल्लिखित कार्यक्रम बाहेकका अन्य कुनै कार्यक्रम प्रसारण वा वितरण गर्न नपाइने,

---

◈ पहिलो संशोधनद्वारा संशोधित।

(ग) आपतकालीन वा दैवी प्रकोपको समयमा मन्त्रालयबाट निर्देशन भएमा एक पटकमा पाँच मिनेटसम्म र दैनिक छ घण्टा सम्म सरकारी सूचनाहरु निःशुल्क प्रसारण गर्नु पर्ने,

(घ) कार्यक्रम प्रसारण वा वितरण गर्दा कसैको व्यक्तिगत घर कम्पाउण्ड वा सार्वजनिक जग्गा वा सडक, बिजुलीको खम्बा आदि प्रयोग गर्नु पर्ने भए सम्बन्धित व्यक्ति वा निकायसँग सम्झौता गर्नु पर्ने,

(ङ) सःशुल्क च्यानलको सिग्नल माग गर्ने इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थालाई समान रुपमा सिग्नल उपलब्ध गराउनु पर्ने,

(च) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्ति र उपभोक्ताबीच कार्यक्रम वितरण वा उपभोग गर्ने सम्बन्धमा सम्झौता गर्नु पर्ने,

(छ) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले कार्यक्रम प्रसारणको आरम्भ, मध्य र अन्त्यमा आफ्नो परिचय (कल साइन) दिनु पर्ने,

(ज) प्रसारण संस्थाले प्रसारण गर्ने समाचारमूलक सामग्री सत्य तथ्य र निष्पक्षतामा आधारित भएर प्रसारण गर्नु पर्नेछ,

(झ) लोक कल्याणकारी समाचार मूलक सामग्री प्रसारणमा प्राथमिकता दिनु पर्ने,

(ञ) समाचार प्रवाहमा देशको राष्ट्रियता, सार्वभौमसत्ता तथा अखण्डतामा कुनै पनि किसिमले असर नपर्ने गरी प्रसारण गर्नु पर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ट) सेवा सुविधा तोक्दा प्रचलित बजार दर भन्दा बढी लिन नपाइने।

(३) ऐनको दफा १० को उपदफा (३) बमोजिम कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्थाले ◈एफ.एम. रेडियोको हकमा अनुसूची-१क. र केवल टेलिभिजनको हकमा अनुसूची-१ख. को ढाँचामा निवेदन प्राप्त भएमा सामान्यतया सञ्चार रजिष्ट्रारले ◈एफ.एम. रेडियोको हकमा अनुसूची-३क. र केवल टेलिभिजनको हकमा अनुसूची-३ख. को ढाँचामा इजाजतपत्र दिन सक्नेछ।

⊕५क. **रेडियो उपकरण अनुमति सम्बन्धी व्यवस्थाः** (१) ऐन बमोजिम प्रसारण इजाजत प्राप्त गरेका प्रसारण संस्थाले रेडियो उपकरण अनुमतिका लागि अनुसूची-१ग. बमोजिम निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिएका प्रसारण संस्थालाई अनुसूची-२ बमोजिमको दस्तुर लिई अनुसूची-३ग. बमोजिमको ढाँचामा रेडियो उपकरण अनुमतिपत्र प्रदान गर्नेछ।

(३) रेडियो उपकरण अनुमतिपत्र प्रदान गर्नु पूर्व कार्यालयले सम्बन्धित निकायसँग समन्वय गर्नु पर्नेछ।

६. **प्रसारणको अनुमति सम्बन्धी व्यवस्थाः** (१) कुनै व्यक्ति वा संगठित संस्था वा संयुक्त लगानी स्वदेशी व्यक्ति वा संगठित संस्थाले ऐनको दफा ९ बमोजिम स्याटेलाइट टेलिभिजन बाहेकको प्रसारण केन्द्र स्थापना गरी प्रसारण गर्न चाहेमा अनुमतिको लागि सञ्चार रजिष्ट्रार समक्ष निवेदन दिँदा ऐनमा भएको व्यवस्थाको अतिरिक्त देहायका कागजातहरु संलग्न गर्नु पर्नेछः-

(क) आर्थिक, प्राविधिक तथा व्यावसायिक अध्ययन प्रतिवेदन सम्बन्धित इञ्जिनियरले हस्ताक्षर गरेको,

---

◈ पहिलो संशोधनद्वारा संशोधित।

⊕ दोस्रो संशोधनद्वारा थप।

(ख) रीतपूर्वक घरबहाल सम्झौता, घरधनीको जग्गाधनी लालपुर्जाको प्रमाणित प्रतिलिपि,

(ग) Geo Coordinates खुलेको Topographic नक्सा,

(घ) मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणित प्रतिलिपि,

(ङ) प्रसारण संस्था वा कम्पनीको तर्फबाट प्रसारण इजाजतपत्र लिने काम कारबाही गर्न अख्तियारी दिएको कागज,

(च) केबुल टेलिभिजनबाट प्रसारण गर्न केवुल वितरकसँग गरेको सम्झौताको प्रतिलिपि।

(२) ऐनको दफा ९ बमोजिम कुनै व्यक्ति वा संगठित संस्था वा संयुक्त लगानी स्वदेशी व्यक्ति वा संगठित संस्थाले एफ. एम. रेडियो दर्ता गर्न चाहेमा अनुमतिका लागि सञ्चार रजिष्ट्रार समक्ष निवेदन दिँदा उपनियम (१) मा उल्लिखित कुराहरुका अतिरिक्त देहायका कागजातहरु पेश गर्नु पर्नेछः-

(क) यस अघि एफ.एम. को इजाजतपत्र लिएको भए सो इजाजतपत्रको प्रमाणित प्रतिलिपि,

(ख) कार्यक्षेत्र स्वीकृति सम्बन्धी पत्रको प्रमाणित प्रतिलिपि।

(३) उपनियम (१) र (२) बमोजिमको निवेदन र अनुमति दस्तुर अनुसूची -२ मा उल्लेख भए बमोजिम हुनेछ।

(४) उपनियम (१) र (२) बमोजिम पर्न आएको निवेदन जाँचबुझ गर्दा निवेदकलाई टेलिभिजन सम्बन्धी कार्यक्रम प्रसारण गर्ने अनुमति दिन मनासिब देखिएमा सञ्चार रजिष्ट्रारले नियम ५ मा तोकिएका शर्तहरु पालना गर्ने गरी इजाजत दिन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(५) उपनियम (४) बमोजिम इजाजतपत्र दिँदा अनुसूची-३ को ढाँचामा दिनु पर्नेछ।

७. **<u>नवीकरण सम्बन्धी व्यवस्था</u>**: (१) ऐनको दफा १० बमोजिम इजाजत पत्रको नवीकरण गर्दा देहायका कागजातहरु सहित सञ्चार रजिष्ट्रारको कार्यालयमा निवेदन दिनु पर्नेछः-

(क) अघिल्लो आर्थिक वर्षको प्रसारण तथा वितरण शुल्क (रोयल्टी) बुझाएको भौचर,

(ख) इजाजत वा इजाजतपत्रमा उल्लिखित शर्त बमोजिम कार्यक्रम प्रसारण गरेको पुष्ट्याँई,

(ग) क्षमता वृद्धि वा ठाउँसारी गर्दा टोपोग्राफिक नक्सा र प्रस्ताव सहित दस्तुर बुझाएको प्रमाण।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र नवीकरण गर्दा इजाजतपत्र दिँदा लाग्ने दस्तुरको दश प्रतिशतले ⊕<u>र रेडियो उपकरण अनुमतिपत्र लिँदा लाग्ने दस्तुरको पचास प्रतिशतले</u> हुने रकम लिई सञ्चार रजिष्ट्रारले नवीकरण गरिदिन सक्नेछ।

❀तर,

(क) आर्थिक वर्ष २०७७/२०७८ सम्मको लागि नवीकरण भई आफैंले कार्यक्रम उत्पादन गरी ऐन बमोजिम प्रसारण गर्ने संस्था वा व्यक्तिलाई आर्थिक वर्ष २०७८/२०७९ मा लाग्ने नवीकरण दस्तुर छुट हुनेछ।

(ख) आर्थिक वर्ष २०७७/२०७८ को नवीकरण गर्न छुट भएका सामुदायिक, निजी तथा

---

⊕ दोस्रो संशोधनद्वारा थप।

❀ तेस्रो संशोधनद्वारा संशोधित।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सहकारी क्षेत्रबाट सञ्चालित प्रसारण संस्थाले २०७८ माघ मसान्तसम्म इजाजत नवीकरण गर्दा लाग्ने थप शुल्क र जरिबाना छुट हुनेछ।

(३) उपनियम (२) बमोजिम इजाजतपत्रको नवीकरण गर्दा सञ्चार रजिष्ट्रारले इजाजतपत्र दिंदा तोकिएका शर्त तोकी एक आर्थिक वर्षका लागि नवीकरण गरिदिन सक्नेछ।

♦(४) नियम ५ को उपनियम (२) बमोजिम तोकिएका शर्त विपरीत ऐनमा उल्लिखित म्याद भुक्तान भएपछि इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गर्न आएमा पहिलो एक महिनासम्मको लागि दश प्रतिशत, दोस्रो एक महिनासम्म बीस प्रतिशत, तेस्रो एक महिनासम्म तीस प्रतिशत, चौथो एक महिनासम्म चालिस प्रतिशत, पाँचौ एक महिनासम्म पचास प्रतिशत र छैठौं एक महिनादेखि शत प्रतिशत जरिबाना समेत लिई इजाजतपत्र तथा अनुमतिपत्र नवीकरण गरी दिन सक्नेछ।

(५) उपनियम (४) बमोजिम सोही आर्थिक वर्षभित्र पनि नवीकरण गर्न नआएमा सञ्चार रजिष्ट्रारले ऐनको दफा १२ को उपदफा (२) को प्रक्रियाको लागि मन्त्रालयमा लेखी पठाउन सक्नेछ।

(६) यो ऐन प्रारम्भ हुनु भन्दा अगाडि प्रचलित कानून बमोजिम प्रसारण गर्न इजाजतपत्र पाएका प्रसारण संस्थाले नवीकरण गर्दा आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र पछिल्लो आर्थिक वर्षको आफ्नो वार्षिक आम्दानीको दुई प्रतिशतले हुन आउने रकम बुझाई नवीकरण गर्न सक्ने छ।

---

♦ दोस्रो संशोधनद्वारा संशोधित।

(७) ऐन प्रारम्भ हुनु भन्दा अगाडि र प्रारम्भ भईसकेपछि प्रचलित कानून बमोजिम प्रसारण गर्न इजाजतपत्र पाएका प्रसारण संस्थाले ◈♦अनुसूची-४क. बमोजिमको ढाँचामा नवीकरणका लागि सञ्चार रजिष्ट्रारसमक्ष निवेदन दिनु पर्नेछ।

(८) उपनियम (७) बमोजिम निवेदन प्राप्त भएपछि सञ्चार रजिष्ट्रारले आवश्यक जाँचबुझ गरी नवीकरण गरी ◈एफ.एम. रेडियोको हकमा अनुसूची-३क. र केवल टेलिभिजनको हकमा अनुसूची-३ख.बमोजिमको प्रमाणपत्र प्रदान गर्नेछ।

⊕७क. **क्षमता विस्तारः** (१) ऐनको दफा १८ बमोजिम प्रदेश वा स्थानीय तहमा सञ्चालनमा रहेका कुनै प्रसारण संस्थाले एफ.एम. रेडियोको क्षमता विस्तार गर्न चाहेमा त्यस्तो प्रसारण संस्थाले अनुसूची-१क. बमोजिमको निवेदन सञ्चार रजिष्ट्रारको कार्यालयमा दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि सञ्चार रजिष्ट्रारले प्रदेश र स्थानीय तहहरूलाई रेडियो फ्रिक्वेन्सी उपलब्ध गराउन प्रचलित कानून बमोजिमको प्रक्रिया अगाडि बढाउनेछ।

८. **प्रसारण तथा वितरण शुल्क (रोयल्टी) सम्बन्धी व्यवस्थाः** ♦(१) ऐनको दफा १३ बमोजिम प्रसारण संस्थाले कार्यक्रम उत्पादन, प्रसारण र वितरण गरी सञ्चालन गर्न चाहेमा आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफूले गरेको वार्षिक कुल आम्दानीको ❀एक प्रतिशत रकम प्रसारण तथा वितरण शुल्क (रोयल्टी) बापत प्रदेश सरकारको राजश्व खातामा बुझाई अनुसूची-५क. बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

---

◈ पहिलो संशोधनद्वारा संशोधित।

⊕ दोस्रो संशोधनद्वारा थप।

♦ दोस्रो संशोधनद्वारा संशोधित।

❀ तेस्रो संशोधनद्वारा संशोधित।

स्पष्टीकरणः यस उपनियमको प्रयोजनको लागि "कुल आम्दानी" भन्नाले सम्बन्धित प्रसारण संस्थाले एक आर्थिक वर्षमा आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयमा बुझाएको आय विवरणमा यकिन भएको ऋण तथा सापटी बाहेक प्राप्त गरेको जुनसुकै रकम सम्झनु पर्छ।

×....

(२) उपनियम (१) बमोजिम प्रसारण शुल्क बुझाउँदा सम्बन्धित प्रसारण संस्था वा व्यक्तिले प्रसारण शुल्क साथ सो आर्थिक वर्षको लेखा परीक्षण सम्पन्न गरेको प्रतिवेदन समेत पेश गर्नु पर्नेछ।

⊕(२क) उपनियम (१) बमोजिम प्रसारण तथा वितरण शुल्क (रोयल्टी) वापत आर्थिक बर्ष समाप्त भएको छ महिना भित्र प्रदेश सरकारको राजश्व खातामा नबुझाएमा सो अवधि पछि पहिलो एक महिनासम्मको लागि दश प्रतिशत, दोस्रो एक महिनासम्म बीस प्रतिशत, तेस्रो एक महिनासम्म तीस प्रतिशत, चौथो एक महिनासम्म चालिस प्रतिशत, पाँचौं एक महिनासम्म पचास प्रतिशत र छैठौं एक महिनादेखि शतप्रतिशत जरिवाना लाग्नेछ।

✍तर आर्थिक वर्ष २०७७/२०७८ सम्मको लागि नवीकरण भई आफैंले कार्यक्रम उत्पादन गरी ऐन बमोजिम प्रसारण गर्ने संस्था वा व्यक्तिले आर्थिक वर्ष २०७७/२०७८ को लागि आफूले गरेको वार्षिक कुल आम्दानीको नियमानुसार बुझाउनुपर्ने प्रसारण तथा वितरण शुल्क (रोयल्टी) संवत् २०७८ माघ मसान्तसम्म बुझाएमा कुनै जरिबाना लाग्ने छैन।

---

× तेस्रो संशोधनद्वारा खारेज।

⊕ दोस्रो संशोधनद्वारा थप।

✍ तेस्रो संशोधनद्वारा थप।

(३) उपनियम (१) बमोजिम प्रसारण तथा बितरण शुल्क नबुझाउने वा उपनियम (२) बमोजिमको लेखापरीक्षणको प्रतिवेदन पेश नगर्ने प्रसारण संस्था वा व्यक्तिका सम्बन्धमा प्रदेश सरकारले देहाय बमोजिम गर्न सक्नेछः-

(क) प्रदेश सरकारबाट उपलब्ध गराउने अनुदान वा विज्ञापनमा रोक लगाउन,

(ख) सञ्चार सामग्री एवं सो सँग सम्बन्धित कच्चा पदार्थ पैठारीमा रोक लगाउन सम्बन्धित निकायमा लेखी पठाउन,

(ग) वैदेशिक भ्रमणको क्रममा सरकारी भ्रमणदलमा सहभागी हुनबाट रोक लगाउन।

(४) ✂....

(५) ✂....

⊕८क. **अन्य प्रदेशमा सञ्चालित प्रसारण संस्थाले प्रदेशभित्र प्रसारण गर्ने सम्बन्धी व्यवस्थाः** (१) अन्य प्रदेशमा प्रचलित कानून बमोजिम प्रसारण इजाजत लिई कार्यक्रम प्रसारण गरेका प्रसारण संस्थाले यस प्रदेशमा समेत ट्रान्समिटर लगायतका उपकरण राखी वा नराखी छुट्टै स्टेशन स्थापना गरी प्रचलित कानून बमोजिम कार्यक्रम प्रसारण गर्न चाहेमा इजाजतको लागि अनुसूची-१क. बमोजिम निवेदन दिनु पर्नेछ।

(२) प्रदेशको क्षेत्राधिकारभित्र पर्ने सञ्चार माध्यम सञ्चालन गर्ने सम्बद्ध सञ्चार संस्थाले प्रदेशको क्षेत्राधिकारभित्र पर्ने बाहेकका सञ्चार माध्यम वा अन्य व्यवसाय समेत गर्ने गरी संस्था दर्ता गरेको

---

✂ दोस्रो संशोधनद्वारा खारेज।

⊕ दोस्रो संशोधनद्वारा थप।

भए रोयल्टी बुझाउने प्रयोजनको लागि सम्बन्धित सञ्चार माध्यमको अलग्गै लेखा परीक्षण प्रतिवेदन वा संयुक्त लेखा परीक्षण भए सम्बन्धित सञ्चार माध्यमको अलग्गै कुल आम्दानी जनिएको लेखा परीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम प्रसारण अनुमति प्राप्त गर्ने सञ्चार संस्थाको इजाजत र नवीकरण तथा अन्य व्यवस्था नयाँ इजाजत लिने प्रसारण संस्थालाई हुने सरह हुनेछ।

९. <u>प्रसारण माध्यमको वर्गीकरणका आधार</u>ः सञ्चार रजिष्ट्रारले प्रदेशभित्रका प्रसारण माध्यमलाई ऐनको दफा १९ बमोजिम सार्वजनिक सेवा प्रसारक, सामुदायिक सेवा प्रसारक र निजी एवं व्यापारिक प्रसारकको रुपमा वर्गिकरण गर्दा देहायका आधार अपनाउनेछः-

(क) प्रसारण माध्यमको भौतिक पूर्वाधारको अवस्था,

(ख) प्रसारण माध्यममा गरिएको लगानी,

(ग) प्रसारण माध्यममा प्रसारण भएका सूचना सामग्रीको गुणस्तर र विषयवस्तु,

(घ) प्रसारण माध्यमले प्रयोग गरेका उपकरण,

(ङ) प्रसारण माध्यममा कार्यरत जनशक्ति,

(च) प्रसारण माध्यमको सेवाको पहुँच,

(छ) प्रसारण माध्यममा प्रचलित श्रमजीवी पत्रकार ऐन कार्यान्वयनको अवस्था,

(ज) प्रसारण माध्यमले प्रसारण गरेका सूचना सामग्रीको विश्वसनीयता,

(झ) प्रसारण माध्यमको प्रसारणमा निरन्तरता,

(ञ) प्रसारण माध्यममा प्रयोग हुने भाषा र शैली।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

## परिच्छेद-३

## पत्रपत्रिका तथा अनलाइन सञ्चार माध्यम सम्बन्धी व्यवस्था

१०. **पत्रपत्रिकाको दर्ता सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा २० बमोजिम प्रदेशभित्र पत्रपत्रिका प्रकाशन गर्न चाहने व्यक्तिले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिँदा अनुसूची-६ बमोजिमको ढाँचामा र अनुसूची-२ बमोजिमको दस्तुर सहित निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम परेको निवेदन उपर प्रमुख जिल्ला अधिकारीले आवश्यक जाँचबुझ गरी ऐनमा उल्लिखित अवधिभित्र निवेदकलाई पत्रपत्रिका प्रकाशन गर्न अनुसूची -७ बमोजिमको ढाँचामा अस्थायी प्रमाणपत्र दिनेछ।

(३) ऐनको दफा २० को उपदफा (४) बमोजिम सञ्चार रजिष्ट्रारले पत्रपत्रिका प्रकाशन गर्न स्थायी प्रमाणपत्र दिने गरी स्वीकृति प्रदान गरेपछि प्रमुख जिल्ला अधिकारीले निवेदकलाई अनुसूची-८ बमोजिमको ढाँचामा स्थायी प्रमाणपत्र दिनेछ।

(४) उपनियम (३) बमोजिम प्रमाणपत्र दिएपछि प्रमुख जिल्ला अधिकारीले पत्रपत्रिका सम्बन्धी विवरण अनुसूची-९ बमोजिमको दर्ता किताबमा जनाई राख्नु पर्नेछ।

११. **पत्रपत्रिकाको अभिलेखः** (१) ऐनको दफा २१ बमोजिम पत्रपत्रिकाको अभिलेख प्रयोजनका लागि सञ्चार रजिष्ट्रार समक्ष निवेदन दिँदा अनुसूची-६ को ढाँचामा दिनु पर्नेछ।

(२) सञ्चार रजिष्ट्रारले उपनियम (१) बमोजिम अभिलेखको लागि पेश हुन आएको निवेदन जाँचबुझ गर्दा अभिलेख भएको पत्रपत्रिकाको विवरण खुल्ने भए अनुसूची-९ को ढाँचामा अभिलेख किताब खडा गरी अभिलेख राख्नु पर्नेछ।

१२.	**<u>पत्रपत्रिकामा उल्लेख गर्नु पर्नेः</u>** (१) ऐनको दफा २२ बमोजिम पत्रपत्रिकाको पहिलो पृष्ठको शिरमा प्रमुख जिल्ला अधिकारीबाट दिइएको दर्ता नम्बर, सो पत्रपत्रिकाको नाम, प्रकार, वर्ष, अंक, मिति र मूल्य तथा अरु पृष्ठको शिरमा पत्रपत्रिकाको नाम र मिति स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ।

(२) पत्रपत्रिकाको अन्तिम पृष्ठको पुछारमा वा सम्पादकीय कोलमको शिरमा प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ।

१३.	**<u>पत्रपत्रिकाको आकार र पृष्ठ संख्याः</u>** (१) ऐनको दफा २३ बमोजिम पत्रपत्रिकाको न्यूनतम आकार र पृष्ठ संख्या देहाय बमोजिम हुनेछः-

(क) दैनिक समाचारपत्रको लागि १२ ईन्च चौडाई र २१ ईन्च लम्बाईको आधारमा चार पृष्ठमा नघटाई,

(ख) अर्ध साप्ताहिक र साप्ताहिक समाचारपत्रका लागि १० ईन्च चौडाई र १५ ईन्च लम्बाईको आकारमा ६ पृष्ठमा नघटाई,

(ग) पाक्षिक, मासिक, द्वैमासिक र त्रैमासिक समाचार पत्रको लागि ९ ईन्च चौडाई र १५ ईन्च लम्बाईको आकारमा १२ पृष्ठमा नघटाई।

(२) प्रकाशकले उपनियम (१) बमोजिमको पत्रपत्रिका प्रकाशन गर्दा छ महिनामा कम्तीमा देहाय बमोजिम अंक संख्या प्रकाशन गर्नु पर्नेछः-

(क) दैनिक समाचारपत्र - १५० अंक

(ख) अर्धसाप्ताहिक समाचारपत्र - ४० अंक

(ग) साप्ताहिक समाचारपत्र - २० अंक

(घ) पाक्षिक समाचारपत्र - १० अंक

(ङ) मासिक समाचारपत्र - ५ अंक

(च) द्वैमासिक र त्रैमासिक समाचारपत्र - २ अंक

१४. **पत्रपत्रिकाको वर्गीकरण गर्दा अपनाउने आधारः** ऐनको दफा २५ बमोजिम प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्वमा भएको संस्थाबाट सेवा सुविधा तथा विज्ञापन उपलब्ध गराउने प्रयोजनका लागि सञ्चार रजिष्ट्रारले सोही दफाको उपदफा (२) मा उल्लिखित आधारका अतिरिक्त प्रेस काउन्सिलले दिएको प्रतिवेदनलाई समेत आधार मानी वर्गीकरण गर्न सक्नेछ।

## परिच्छेद-४

## अनलाइन सम्बन्धी व्यवस्था

१५. **अनलाइन सञ्चार माध्यमको ⊕दर्ता र अभिलेखीकरणः** (१) ऐनको दफा २७ बमोजिम अनलाइन सञ्चार माध्यम मार्फत अनलाइन पत्रकारिता ⊕दर्ता गरी सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले देहायका विवरणहरु उल्लेख गरी ⊕अनुसूची-२ बमोजिमको दस्तुर संलग्न गरी अनुसूची-१० को ढाँचामा सञ्चार रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछः-

(क) कम्पनी दर्ता र अद्यावधिक विवरण,

(ख) श्रमजिवी पत्रकार र सम्बद्ध अन्य कर्मचारीको दरबन्दी विवरण,

(ग) वेवसाइट, डोमेन दर्ता वा नवीकरण सम्बन्धी विवरण,

(घ) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

---

⊕ दोस्रो संशोधनद्वारा थप।

(ङ) संस्थाको अनलाइन सञ्चार माध्यमबाट सामग्री प्रसारण गर्ने निर्णय।

(२) उपनियम (१) बमोजिमको विवरणसहित सञ्चार रजिष्ट्रार समक्ष प्राप्त भएको निवेदन जाँचबुझ गरी अभिलेख राख्न उपयुक्त देखिए सञ्चार रजिष्ट्रारले दर्ता किताब र विद्युतीय अभिलेखमा अभिलेख राख्नु पर्नेछ।

(३) ऐनको दफा २८ बमोजिम सञ्चार रजिष्ट्रारको कार्यालयमा अभिलेखीकरण भएको अनलाइन सञ्चार माध्यमलाई अनुसूची-११ को ढाँचामा अनलाइन पत्रकारिताका दर्ता प्रमाणपत्र दिइनेछ।

❖(४) उपनियम (३) बमोजिम प्राप्त गरेको अनलाइन पत्रकारिता दर्ता प्रमाणपत्रमा रहेको डोमेन देहाय बमोजिमका कागजात पेश गरेमा सञ्चार रजिष्ट्रारले परिवर्तन गरी दिन सक्नेछः-

(क) डोमेन सञ्चालन गरी आएको संस्था र सो डोमेन लिन चाहने संस्था बिच भएको सम्झौतापत्र,

(ख) डोमेन सूचीकरण गर्ने निकायलाई सूचीकरणबाट हटाई दिन दिएको निवेदन वा हटाइएको प्रमाण,

(ग) डोमेन सञ्चालित संस्थाले उक्त डोमेन आफूले सञ्चालन गर्न नचाहेको वा नसक्ने कारण खुलाएको पत्र,

(घ) कर विवरण बुझाएको निस्सा।

❖(५) डोमेन दर्ता गर्ने निकायमा नियमित नवीकरण नगरेका कारण डोमेन अर्कैको नाममा दर्ता भइसकेको प्रमाण र नयाँ डोमेन लिई दर्ता गर्न आउने पुरानै संस्थालाई नयाँ दर्ता दस्तुर लिई उपनियम

---

❖ चौंथो संशोधनद्वारा थप।

(१) बमोजिमको प्रक्रिया पालना गरेमा सञ्चार रजिष्ट्रारले नयाँ अनलाइन दर्ता प्रमाणपत्र दिन सक्नेछ।

❖(६) उपनियम (३) बमोजिम दिइने अनलाईन दर्ता प्रमाणपत्रको जानकारी कार्यालयले सूचीकरण गर्ने निकायलाई दिनु पर्नेछ।

❖(७) अनलाइन दर्ता प्रमाणपत्रमा रहेको अन्य विवरण बदल्न पाँच सय रूपैंया दस्तुर सहित निवेदन दिएमा सञ्चार रजिष्ट्रारले जाँचबुझ गर्दा मनासिव देखिए विवरण बदल्न सक्नेछ।

१६. <u>**अनलाइन सञ्चार माध्यमको वर्गीकरण**</u>: (१) ऐनको दफा २८ बमोजिम सञ्चार रजिष्ट्रारले अनलाइन सञ्चार माध्यमको अभिलेखीकरण गरी प्रमाणपत्र दिने कार्यको अतिरिक्त ती सञ्चार माध्यमको वर्गीकरण समेत गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम वर्गीकरण गर्दा भौतिक पूर्वाधार, लगानी, जनशक्ति, पहुँच, सूचना सामग्रीको गुणस्तर वा यस्तै अन्य आधारमा वर्गीकरण गर्नेछ।

(३) उपनियम (२) बमोजिम वर्गीकरण गर्नु अघि सञ्चार रजिष्ट्रारले सञ्चार माध्यमको निरीक्षण, अनुगमन, सुपरीवेक्षण, विज्ञसँग छलफलसमेत गरी मनासिव प्रक्रिया पूरा गर्नु पर्नेछ।

१७. <u>**अनलाइन नवीकरण सम्बन्धी व्यवस्था**</u>: (१) यस नियमावली बमोजिम दर्ता भएका अनलाइन सञ्चार माध्यमले प्रत्येक वर्षको आषाढ मसान्त भित्र नवीकरणको लागि अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि समेत साथ राखी सञ्चार रजिष्ट्रार समक्ष अनुसूची-१० बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

---

❖ चौंथो संशोधनद्वारा थप।

(२) उपनियम (१) बमोजिम पेश भएको निवेदन जाँचबुझ गरी सञ्चार रजिष्ट्रारले ⊕❁एक हजार रूपैंया लिई अनुसूची-११ बमोजिमको ढाँचामा नवीकरण प्रमाणपत्र जारी गरी सो को अभिलेख राख्नेछ।

♦(३) उपनियम (१) बमोजिमको अवधिभित्र नवीकरण नगरेमा सो अवधि पछि पहिलो एक महिनासम्मको लागि दश प्रतिशत, दोस्रो एक महिनासम्म बीस प्रतिशत, तेस्रो एक महिनासम्म तीस प्रतिशत, चौथो एक महिनासम्म चालिस प्रतिशत, पाँचौ एक महिनासम्म पचास प्रतिशत र छैठौं एक महिनादेखि शत प्रतिशत जरिबाना लिई नवीकरण गर्न सक्नेछ।

## परिच्छेद-५

## सञ्चार माध्यममा लगानी तथा हक हस्तान्तरण

१८. **सञ्चार माध्यममा लगानी:** (१) सञ्चार माध्यममा वैदेशिक लगानी सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम संघीय सरकारले सञ्चार माध्यमको प्रविधि र पूर्वाधारमा विदेशी लगानी खुला गरेको अवस्थामा देहायका शर्त तोकी त्यस्तो विदेशी लगानीलाई सञ्चार रजिष्ट्रारले मान्यता दिन सक्नेछः-

(क) सञ्चार माध्यममा कार्यरत पत्रकार, कामदार र कर्मचारी नेपाली नागरिक मात्र हुनु पर्ने,

(ख) नेपाली नागरिकको सम्पादकीय स्वतन्त्रता सुनिश्चित हुनु पर्ने।

१९. **सञ्चार माध्यमको हक हस्तान्तरण:** (१) ऐनको दफा ४२ बमोजिम अभिलेखीकरण भएको सञ्चार माध्यमको हक वा स्वामित्व हस्तान्तरण

---

⊕ दोस्रो संशोधनद्वारा थप।

❁ चौंथो संशोधनद्वारा संशोधित।

♦ दोस्रो संशोधनद्वारा संशोधित।

भई कसैले प्राप्त गरेमा सो स्वामित्व प्राप्त गर्ने व्यक्ति वा संस्थाले अनुसूची-१२ को ढाँचामा सात दिनभित्र सञ्चार रजिष्ट्रारलाई जानकारी दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको जानकारी प्राप्त भएपछि सञ्चार रजिष्ट्रारले त्यस्तो विवरण अनुसूची- १३ बमोजिमको दर्ता किताबमा दर्ता जनाई राख्नु पर्नेछ र हक हस्तान्तरण गरी दिनु पर्नेछ।

२०. **इजाजतपत्रको प्रतिलिपि दिनेः** इजाजतपत्र हराएमा वा ⊕नवीकरण जनाउने पाना समाप्त भएमा वा प्राकृतिक प्रकोपमा परी नासिएको वा पुरानो भई च्यातिएको कारण देखाई कसैले प्रतिलिपि माग गरेमा पाँच सय रुपैयाँसम्म दस्तुर लिई त्यस्तो इजाजतपत्रको प्रतिलिपि दिन सक्नेछ।

२१. **विवरण बदल्न सक्नेः** ♦(१) कसैले इजाजतपत्र तथा अनुमतिपत्रमा उल्लेख विवरण मध्ये कुनै विवरण बदल्न चाहेमा इजाजतपत्रको हकमा निवेदन दर्ता गर्दा लाग्ने दस्तुर र अनुमतिपत्रको हकमा एक सय रुपैया दस्तुर संलग्न गरी सञ्चार रजिष्ट्रार समक्ष अनुसूची-१३क. बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

**स्पष्टीकरणः** यस उपनियम प्रयोजनको लागि "विवरण" भन्नाले इजाजतपत्रको हकमा सञ्चार संस्थाको नाम, कलसाइन र ठेगाना, प्रसारण केन्द्र जस्ता सामान्य विवरण र अनुमतिपत्रको हकमा रेडियो ट्रान्समिटर र सोसँग सम्बन्धित अन्य उपकरण सम्झनु पर्छ।

(२) उपनियम (१) बमोजिम विवरण बदल्न दिएको निवेदन जाँचबुझ गर्दा मनासिब देखिए सञ्चार रजिष्ट्रारले निवेदन बमोजिमको विवरण बदल्न सक्नेछ।

---

⊕ दोस्रो संशोधनद्वारा थप।

♦ दोस्रो संशोधनद्वारा संशोधित।

२२. **प्रसारण सम्बन्धी कार्य बन्द गर्न सक्नेः** (१) इजाजतपत्र प्राप्त प्रसारण संस्था वा व्यक्तिले कुनै कारणवस आफूले प्रसारण गर्दै आएको प्रसारण सम्बन्धी कार्य बन्द गर्न चाहेमा त्यो कुराको लिखित जानकारी एक महिना अगाडि नै सञ्चार रजिष्ट्रार समक्ष दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रशारण सम्बन्धी कार्य बन्द गरेको जानकारी प्राप्त भएमा सञ्चार रजिष्ट्रारले सो को अभिलेख दर्ता किताबमा जनाई राख्नु पर्नेछ।

## परिच्छेद-६

## प्रेस प्रतिनिधि सम्बन्धी व्यवस्था

२३. **विवरण बुझाउनु पर्नेः** (१) ऐनको दफा ४४ बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र लिन चाहने कुनै नेपाली वा विदेशी सञ्चार प्रतिष्ठानले प्रदेश भित्र काम गर्ने आफ्ना सम्पूर्ण पदाधिकारी वा प्रतिनिधि वा कर्मचारी वा व्यवस्थापकले देहाय बमोजिमको विवरण सञ्चार रजिष्ट्रार समक्ष बुझाउनु पर्नेछः-

(क) प्रतिनिधिको नाम

(ख) पद /श्रेणी/ तह

(ग) स्थायी/ अस्थायी/ करार

(घ) कार्यक्षेत्र

(ङ) शैक्षिक योग्यता

(च) श्रमजीवी पत्रकार ऐन बमोजिमको पारिश्रमिक खुलेको नियुक्ति पत्र

(२) उपनियम (१) को खण्ड (ङ) बमोजिम हुने सम्पादक, प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकारको शैक्षिक योग्यता तथा अनुभव देहाय हुनेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(क) <u>सम्पादक हुनका लागिः</u>

(१) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक वा सो सरहको परीक्षा उर्तीण गरेको वा

(२) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा उर्तीण भई नियमित रुपमा प्रकाशित वा प्रसारित हुने कुनै समाचार प्रधान दैनिक, अर्ध साप्ताहिक, साप्ताहिक वा पाक्षिक पत्रपत्रिका वा समाचार समिति, वा रेडियो, टेलिभिजन वा अनलाइनमा समाचार संकलन तथा सम्पादन सम्बन्धी कम्तीमा दश वर्ष काम गरेको वा स्तम्भ लेखन कार्य गरेको।

(ख) <u>प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधि हुनका लागिः</u>

(१) नेपाल सरकारबाट मान्यताप्राप्त कुनै शिक्षण संस्थाबाट प्रवेशिका वा सो सरहको परीक्षा उर्तीण गरेको वा

(२) समाचार संकलन वा रिपोर्टिङ सम्बन्धमा कम्तीमा पाँच वर्ष काम गरेको।

(ग) <u>स्वतन्त्र पत्रकारका लागिः</u>

(१) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट पत्रकारिता सम्बन्धी विषयमा स्नातक उपाधी हासिल गरी कम्तीमा दश वर्ष सञ्चार माध्यममा समाचार तथा विचारमूलक कार्य सम्पादन गरेको वा

(२) नेपाल सरकारबाट मान्यता प्राप्त कुनै विश्वविद्यालयबाट स्नातक उपाधीहासिल गरी कम्तीमा पन्ध्र वर्ष सञ्चार माध्यममा समाचार तथा विचारमूलक कार्य सम्पादन

गरेको वा स्तम्भ लेखन कार्य गरेको पुष्ट्याई गर्ने कागजात।

⊕(२क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा उर्तीण भई नियमित रुपमा प्रकाशित वा प्रसारित हुने कुनै सञ्चार माध्यममा समाचार संकलन तथा सम्पादन सम्बन्धी कम्तीमा बीस वर्ष निरन्तर काम गरेको वा स्तम्भ लेखन कार्य गरेको पुष्ट्याई गर्ने कागजात।

(३) ♦उपखण्ड (१), (२) र (२क) बमोजिम बुझाइएका कागजात झुठो ठहरिएमा सञ्चार रजिष्ट्रारले त्यस्तो व्यक्तिको प्रेस प्रतिनिधि प्रमाणपत्र रद्ध गर्नुका साथै निज र निजलाई झुठा कागजात बनाई उपलब्ध गराउने सञ्चार संस्थालाई समेत ऐनको दफा ४६ उपदफा (३) बमोजिमको सजाय गर्न सक्नेछ।

२४. प्रमाणपत्रको दस्तुर र निवेदन सम्बन्धी व्यवस्थाः (१) प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र लिन चाहने व्यक्तिले आफू काममा संलग्न रहेको संस्थाको सिफारिस साथ नियम २३ मा उल्लिखित योग्यताको प्रमाणपत्र र अनुसूची-२ मा उल्लिखित दस्तुर साथ राखी अनुसूची-१४ को ढाँचामा सञ्चार रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ।

(२) प्रेस प्रतिनिधि र अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र पाउने प्रयोजनको लागि प्राप्त निवेदन र संलग्न कागजात समेतलाई अध्ययन गरी उपयुक्त ठहरिएका व्यक्तिलाई अनुसूची-१५ बमोजिमको ढाँचामा सञ्चार रजिष्ट्रारले प्रमाणपत्र जारी गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

⊕ दोस्रो संशोधनद्वारा थप।

♦ दोस्रो संशोधनद्वारा संशोधित।

(३) उपनियम (१) बमोजिमको निवेदन दिने व्यक्तिलाई प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिँदा लाग्ने दस्तुर अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

(४) स्वतन्त्र पत्रकारको प्रमाणपत्र लिन चाहने व्यक्तिले नियम २३ बमोजिमको योग्यताको प्रमाणपत्र समेत संलग्न राखी अनुसूची-१४ बमोजिमको ढाँचामा सञ्चार रजिष्ट्रार समक्ष दरखास्त दिनु पर्नेछ।

(५) उपनियम (१) बमोजिमको दरखास्त प्राप्त भएपछि सञ्चार रजिष्ट्रारले आफ्नो राय सहित उक्त दरखास्तवालालाई अनुसूची-२ बमोजिमको दस्तुर लिई दरखास्तवालालाई अनुसूची-१५ बमोजिमको ढाँचामा स्वतन्त्र पत्रकारको प्रमाणपत्र दिन सक्नेछ।

२५. <u>प्रमाणपत्र फिर्ता गर्नु पर्नेः</u> कुनै व्यक्तिले सम्बन्धित सञ्चार संस्था वा पत्रपत्रिकाको प्रतिनिधित्व गर्ने कार्य छोडेमा निजले वा सम्बन्धित संस्थाको व्यवस्थापक वा सम्पादकले एक महिनाभित्र त्यसरी कार्य छोडेको सूचना सहित प्रमाणपत्र सञ्चार रजिष्ट्रार समक्ष फिर्ता गर्नु पर्नेछ।

२६. <u>प्रमाणपत्रको अवधि र नवीकरणः</u> (१) नियम २४ बमोजिम दिइएको प्रमाणपत्रको अवधि *<u>एक आर्थिक वर्ष</u> हुनेछ।

तर अस्थायी प्रेस प्रतिनिनिधिको प्रमाणपत्र जति अवधिको लागि दिइएको छ सोही अवधिसम्म मात्र बहाल रहनेछ।

(२) उपनियम (१) बमोजिम प्रमाणपत्र बहाल रहने अवधि समाप्त भएको मितिले पैंतीस दिन भित्र प्रमाणपत्र नवीकरण गराउन एक सय रुपैयाँ दस्तुर सहित अनुसूची-१४ बमोजिमको ढाँचामा सञ्चार रजिष्ट्रार समक्ष दरखास्त दिनु पर्नेछ।

---

* चौंथो संशोधनद्वारा संशोधित।



आन्तरिक मामिला तथा कानून मन्त्रालय भाषान्तर प्रद्य

तर विदेशी नागरिकले लिएको प्रमाणपत्र एक पटक भन्दा बढी नवीकरण गरिने छैन।

(३) उपनियम (१) बमोजिम अवधि समाप्त भएपछि कुनै व्यक्तिले प्रमाणपत्र नवीकरणको लागि दरखास्त दिन आएमा सञ्चार रजिष्ट्रारले अनुसूची-२ बमोजिम लाग्ने दस्तुरमा उपनियम (२) बमोजिमको अवधि समाप्त भएको मितिले तीन महिनासम्मका लागि एक सय पचास रुपैयाँ र त्यसपछि तीन सय रुपैयाँ दस्तुर लिई एक आर्थिक वर्षका लागि नवीकरण गरी दिन सक्नेछ।

❖(४) उपनियम (३) बमोजिम नवीकरण नगरी दोस्रो आर्थिक वर्षमा नवीकरण गर्न आएमा उपनियम (३) बमोजिम लाग्ने दस्तुरको अतिरिक्त थप एक सय रूपैंया दस्तुर र तेश्रो आर्थिक वर्षमा नवीकरण गर्न आएमा दोस्रो आर्थिक वर्षमा लाग्ने दस्तुरको अतिरिक्त थप दुई सय रूपैंया दस्तुर लिई पत्रकारितामा क्रियाशील रहेको प्रमाण पेश गरेमा सञ्चार रजिष्ट्रारले प्रेस प्रतिनिधि प्रमाणपत्र नवीकरण गरि दिन सक्नेछ।

❖(५) उपनियम (४) बमोजिमको समयावधि भित्र पनि नवीकरण गर्न नआएमा नयाँ दर्ता प्रक्रियामा जानु पर्नेछ।

❖(६) उपनियम (५) बमोजिम नयाँ दर्ता गर्दा पुरानो दर्ता नम्बर कायम रहने छैन।

२७. **प्रमाणपत्र व्यक्तिगत हुनेः** नियम २४ बमोजिम दिइएको प्रमाणपत्र सोही व्यक्ति बाहेक अन्य कुनै व्यक्तिले प्रयोग गर्न पाउने छैन।

२८. **समाचार संकलन गर्ने कार्यक्षेत्रः** (१) यस नियमावली बमोजिम प्रेस प्रतिनिधि वा स्वतन्त्र पत्रकारको प्रमाणपत्र प्राप्त नेपाली नागरिकले ✂..समाचार संकलन गर्न सक्नेछ।

(२) ✂..

---

❖ चौंथो संशोधनद्वारा थप।

✂.. दोस्रो संशोधनद्वारा खारेज।

## परिच्छेद-७

## सञ्चार रजिष्ट्रार सम्बन्धी अन्य व्यवस्था

२९. **सञ्चार रजिष्ट्रारको कार्य सम्बन्धी व्यवस्थाः** ऐनको दफा ३६ मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त सञ्चार रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकार, सञ्चार संस्था र पत्रकारहरुका बीचमा सहजीकरण गर्ने,

(ख) संघ, अन्य प्रदेश र स्थानीय तहसँग समन्वय गरी आवश्यक कार्य गर्ने,

(ग) सूचना बैंक सञ्चालन गर्ने र सो बैंकबाट आवश्यक सूचना उपलब्ध गराउने,

(घ) प्रदेशभित्र प्रकाशित तथा प्रसारित हुने सञ्चार माध्यमको नाम, किसिम, प्रकाशन तथा प्रसारण अवधि, भाषा आदि विषयमा वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने,

(ङ) ऐनको दफा ५७ को उपदफा (१) बमोजिम श्रमजिवी पत्रकारहरुलाई पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध भए नभएको अनुगमन तथा मूल्याङ्कन गर्ने र श्रमजिवी पत्रकार ऐन र नियमावली कार्यान्वयन गराउन सहजीकरण गर्ने,

(च) कसैले सञ्चार माध्यममा विज्ञापन दिने प्रयोजनको लागि कुनै सञ्चार माध्यमको सम्बन्धमा विवरण माग गरेमा विवरणहरु उपलब्ध गराउने,

(छ) पत्रकारलाई सक्षमताका आधारमा स्रोत व्यक्तिको रुपमा उपयोग गर्न सहयोग पुऱ्याउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ज) ऐनको दफा ५१ बमोजिम राखिने पुस्तकको अभिलेखलाई पुस्तकालयका रुपमा सञ्चालन गर्ने,

(झ) सूचना प्रविधि, सञ्चार, प्रकाशन तथा प्रसारणको क्षेत्रमा प्राप्त हुने स्वदेशी तथा विदेशी विभिन्न छात्रवृत्ति, सीप विकास तालिम, भ्रमण आदि कार्यक्रमको नेतृत्व तथा समन्वय गर्ने,

(२) ऐनको दफा ३६ को खण्ड (ग) बमोजिम सञ्चार रजिष्ट्रारले सामुदायिक सञ्चार माध्यमको अभिलेख राख्दा सामुदायिक सञ्चार माध्यमले देहायको विषयहरुलाई प्राथमिकतामा राखेको हुनु पर्नेछः-

(क) शिक्षा, जनस्वास्थ्य, स्थानीय उत्पादन, वातावरण, विपद् व्यवस्थापन, बजार विकास, कृषि, सहकारी, उद्यमशीलता प्रवर्द्धन, पर्यटन र ज्ञान तथा सीप प्रवर्द्धन गर्ने र सामाजिक कुरीति विरुद्ध सचेतना जगाउने,

(ख) भाषा, संस्कृति, कला र परम्पराको संरक्षणमा योगदान दिने,

(ग) समुदायको विविधता प्रवर्द्धन गर्ने,

(घ) समुदायका काम कारबाहीको प्रचार प्रसार र सार्वजनिक अनुगमनका लागि सहयोग गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

३०. **<u>अनुगमन तथा सुपरीवेक्षण</u>**: (१) ऐनको दफा ४६ को उपदफा (३) बमोजिम सञ्चार रजिष्ट्रारले कुनै व्यक्ति वा प्रसारण संस्थालाई जरिबाना गर्दा वा ऐन तथा यस नियमावली वा ⊕<u>अनुमतिपत्रमा वा</u> इजाजतपत्रमा

---

⊕ दोस्रो संशोधनद्वारा थप।

उल्लिखित शर्त बमोजिम प्रकाशन तथा प्रसारण गरे वा नगरेको सम्बन्धमा सञ्चार रजिष्ट्रार वा निजबाट अधिकारप्राप्त अधिकारीले सञ्चार संस्थाको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्दा इजाजतपत्रमा उल्लिखित शर्त बमोजिम प्रकाशन तथा प्रसारण गरेको नपाइएमा त्यस्ता सञ्चार संस्थालाई इजाजतपत्रमा उल्लिखित शर्तहरु पालना गर्न सञ्चार रजिष्ट्रारले निर्देशन दिन सक्नेछ।

(३) कुनै प्रसारण संस्थाले उपनियम (२) बमोजिम दिएको निर्देशन पालना नगरेको अवस्थामा सञ्चार रजिष्ट्रारले ऐनको दफा ४६ को उपदफा (३) बमोजिमको कारबाही प्रक्रिया अगाडि बढाउन सक्नेछ।

(४) उपनियम (३) बमोजिम कारबाही प्रक्रिया अगाडि बढाउँदा अनुगमन, निरीक्षण तथा सुपरीवेक्षणमा देखिएका कैफियतहरु र त्यसको सुधार गर्न उपयुक्त समय दिई स्पष्टीकरण सोध्ने लगायत ऐनको दफा ४७ बमोजिम सुनुवाईको मौका दिएर मात्र गर्नु पर्नेछ।

३१. <u>पुस्तकको अभिलेखीकरण गराउनु पर्ने</u>: ऐनको दफा ५१ बमोजिम कुनै प्रकाशकले प्रकाशन गरेको किताब विक्री वितरण गर्नु अघि सञ्चार रजिष्ट्रार समक्ष पुस्तकको अभिलेखीकरण गराउँदा देहायको विवरण खुलाई निवेदन दिनु पर्नेछः-

(क) पुस्तकको नाम,

(ख) मुखपृष्ठमा छापिएको व्यहोरा (नेपाली भाषामा नभए अनुवाद गरी राख्ने),

(ग) पुस्तक लेखिएको भाषा,

(घ) पुस्तक वा त्यसको भागको लेखक, अनुवादक वा सम्पादकको नाम,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ङ) पुस्तकको विषय,

(च) मुद्रण गरिएको र प्रकाशन गरिएको स्थान,

(छ) मुद्रक वा मुद्रण गर्ने संस्था,

(ज) प्रकाशक वा प्रकाशन गर्ने संस्थाको नाम,

(झ) प्रकाशन गरिएको मिति, पृष्ठ संख्या र आकार,

(ञ) संस्करण संख्या,

(ट) संस्करणमा छापिएको प्रति,

(ठ) विक्री मूल्य,

(ड) प्रतिलिपि अधिकार पाउने व्यक्तिको नाम, थर र वतन।

## परिच्छेद-८

## कोष सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था

३२. **कोषको सञ्चालन तथा व्यवस्थापनः** (१) ऐनको दफा ५३ बमोजिमको पत्रकार वृत्ति कोष, महिला पत्रकारका लागि लक्षित कोष र दफा ५४ बमोजिमको जेष्ठ पत्रकार लक्षित कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त हुने अनुदान,

(ख) प्रदेश सरकारबाट प्राप्त हुने अनुदान,

(ग) स्थानीय सरकारबाट प्राप्त हुने रकम,

(घ) विभिन्न सामाजिक संघ संस्थाबाट वा व्यक्तिबाट प्राप्त हुने रकम,

(ङ) प्रेस प्रतिनिधि प्रमाणपत्र नवीकरण गर्दा लाग्ने दस्तुरको शत प्रतिशत हुन आउने रकम।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपनियम (१) बमोजिमको कोषहरुको सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको एक कोष सञ्चालक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) अधिकृत, नवौं तह, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) अधिकृत, नवौं तह, सामाजिक विकास मन्त्रालय (ज्येष्ठ नागरिक तथा महिला महाशाखा हेर्ने) -सदस्य

(घ) अधिकृत, नवौं तह, मन्त्रालय (सूचना समन्वय तथा प्रसारण महाशाखा हेर्ने) -सदस्य

(ङ) अध्यक्ष, नेपाल पत्रकार महासंघ प्रदेश समिति -सदस्य

(च) मन्त्रालयले मनोनयन गरेको एक जना महिला सहित दुई जना पत्रकार -सदस्य

(छ) सञ्चार रजिष्ट्रार -सदस्य सचिव

(३) उपनियम (२) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) ज्येष्ठ, घाइते र दीर्घ रोगी पत्रकारहरुको आवश्यक सामाजिक सुरक्षा व्यवस्थापन गर्नका लागि योजना, मापदण्ड तथा कार्यविधि तथा कार्यक्रम तयार गरी प्रदेश सरकार समक्ष पेश गर्ने,

(ख) पत्रकारहरुको लगत तथा अभिलेख अद्यावधिक राख्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) ज्येष्ठ पत्रकारहरुलाई मासिक वृत्ति प्रदान गर्न तथा निजहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने नीति योजना र कार्यक्रम बनाई प्रदेश सरकार समक्ष पेश गर्ने,

(घ) पत्रकारहरुलाई सहयोग उपलब्ध गराउने सम्बन्धमा आवश्यकता अनुरुप विभिन्न क्षेत्रसँग समन्वय गर्ने,

(ङ) प्रदेश सरकारले निर्धारण गरे बमोजिम नेपाल सरकार तथा स्थानीय तहबाट प्रदान भएको सेवा सुविधामा दोहोरो नपर्ने गरी ज्येष्ठ पत्रकारहरुलाई मासिक वृत्ति एवं अन्य पत्रकारलाई दिने सुविधा उपलब्ध गराउने।

(४) उपनियम (२) बमोजिम गठन भएको कोष सञ्चालक समितिले आफ्नो बैठक लगायत कोष सञ्चालन प्रयोजनको लागि आवश्यक कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

३३. <u>कोषको रकम खर्च र लेखा परीक्षण</u>: (१) सञ्चालक समितिले नियम ३१ को कोषको रकम प्रचलित कानून बमोजिम बैङ्कमा खाता खोली जम्मा गर्न सक्नेछ।

(२) कोषको खाता सञ्चालन सञ्चार रजिष्ट्रार र सञ्चार रजिष्ट्रारको कार्यालयको लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

(३) कोषको आम्दानी र खर्चको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(४) कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद-९

## सूचना बैंक सम्बन्धी व्यवस्था

३४. **सूचना बैंकको सञ्चालनः** (१) ऐनको दफा ५५ को उपदफा (२) बमोजिम प्रदेश सरकारले स्थापना गर्ने सूचना बैंकको सञ्चालन तथा व्यवस्थापन गर्न एक निर्देशक समिति र कार्यसम्पादन समिति रहनेछ।

(२) उपनियम (१) बमोजिम गठन हुने निर्देशक समिति देहाय बमोजिम हुनेछः-

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -अध्यक्ष

(ख) अधिकृत, नवौ तह, प्रदेश सरकार अन्तर्गतका सबै मन्त्रालय -सदस्य

(ग) नेपाल पत्रकार महासंघको प्रदेश समितिको अध्यक्ष -सदस्य

(घ) सूचना वा पत्रकारिता क्षेत्रबाट विशेषज्ञता हासिल गरेका व्यक्ति मध्येबाट एकजना -सदस्य

(ङ) सञ्चार रजिष्ट्रार -सदस्य-सचिव

(३) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बैठक सम्बन्धी नीति, योजना र बजेट स्वीकृत गर्ने र संशोधन गर्ने,

(ख) बैठकको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन कार्यसम्पादन समितिलाई निर्देशन दिन सक्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) उपनियम (२) बमोजिम गठन हुने निर्देशक समितिको प्रत्यक्ष निर्देशनमा रही सूचना बैंकको सम्पूर्ण कार्य सम्पादन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको एक कार्य सम्पादन समिति गठन हुनेछः-

(क) सञ्चार रजिष्ट्रार -अध्यक्ष

(ख) निर्देशक, सञ्चार रजिष्ट्रारको कार्यालय -सदस्य

(ग) शाखा प्रमुख (सूचना बैंक शाखा हेर्ने) सञ्चार रजिष्ट्रारको कार्यालय -सदस्य

३५. **सूचना बैंकको काम, कर्तव्य र अधिकारः** ⊕(१) सूचना बैंकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नागरिकको सूचनाको हकलाई व्यवहारमा कार्यान्वयन गर्ने,

(ख) पत्रकारिताको विकास र क्षमता अभिवृद्धि गर्न सूचनाको पहुँच बढाउने,

(ग) सरकारी सूचना, तथ्य, तथ्याङ्क एवं अन्य जानकारीहरु एकद्वार प्रणालीबाट उपलब्ध गराउने,

(घ) सूचनाको पहुँचलाई प्रविधिमैत्री बनाई स्वतः अद्यावधिक हुने गरी अटोमेसनमा लैजाने,

(ङ) प्रदेश सरकार र सरकारी निकायका सार्वजनिक सूचना, जानकारी, सेवा, दस्तावेजमा सहज पहुँच स्थापना गर्ने गरी सूचना पोर्टल तयार गर्ने र अध्यावधिक गर्ने,

(च) प्रदेश सरकारका महत्वपूर्ण बैठक, निर्णय र घटना आमसञ्चार माध्यमलाई उपलब्ध गराउन सहजीकरण गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

---

⊕ दोस्रो संशोधनद्वारा थप।

(छ) बैंकले प्रवाह गर्नु पर्ने सम्पूर्ण सूचनाहरुलाई विद्युतीय अभिलेखीकरण र भण्डारण गर्नुको साथसाथै नागरिकहरुको सो सूचनासम्म सहज पहुँचका लागि आवश्यक डाटावेस र वेवसाइट निर्माण गरी अध्यावधिक र चुस्त दुरुस्त राख्ने,

(ज) बैंकले सार्वजनिक महत्वका सूचनाहरुको विषय, उपभोक्ता समूह र प्रयोजनका आधारमा वर्गीकरण गर्ने गरी सूची निर्माण गर्ने र सूचनाको संकलन र भण्डारणमा सहजताका लागि ढाँचा निर्माण गर्ने,

(झ) बैंकका लागि आवश्यक सूचनाहरु बैंकले प्रदेशका मन्त्रालयहरु, विभागहरु र त्यस अन्तर्गतका निकायहरुका वेवसाइटबाट वा वेबसाइटमा उपलब्ध नभएका वा अद्यावधिक नभएका सूचनाहरु सोझै सम्बन्धित कार्यालयबाट प्रयोजन खोलेर माग गरी प्राप्त गर्ने,

(ञ) प्रदेशका मन्त्रालयहरु, विभागहरु र त्यस अन्तर्गतका निकायहरुले बैंकबाट माग भई आएका सूचनाहरु उपलब्ध गराउनेछन् तर उपलब्ध गराउन कानूनी रुपमा वा प्राविधिक रुपमा नमिल्ने भएमा सो को जानकारी दिनु पर्नेछ।

(ट) सूचना प्राप्त गर्न बैंकले प्रदेश सूचना आयोगको सहयोग लिन सक्नेछ।

(ठ) निजि वा अर्धसरकारी वा गैरसरकारी क्षेत्रमा रहेका सार्वजनिक महत्वका सबै प्रकृतिका सूचनाहरु पनि बैंकले आफ्नो डाटावेसमा राख्न सक्नेछ।

⊕(२) सूचना बैंकले ऐन तथा उपनियम (१) बमोजिमको प्रक्रियाबाट सूचना सङ्कलन, प्रशोधन र वितरणको लागि थप जनशक्ति आवश्यक परे सोको व्यवस्थापनको लागि निर्देशक समितिबाट निर्णय गरी कार्यालयले मन्त्रालयको सहमति लिई आवश्यक मापदण्ड बनाउन सक्नेछ।

⊕(३) उपनियम (२) बमोजिम जनशक्तिको व्यवस्थापनको लागि मापदण्ड बनाउँदा देहायको आधार लिनु पर्नेछः-

(क) जनशक्तिको व्यवस्थापन कार्यसम्पादनमा आधारित हुनु पर्ने,

(ख) सूचना संङ्कलनको लागि खटिने जनशक्तिलाई पारिश्रमिक उपलब्ध गराउनु पर्ने भए संङ्कलित सूचनाको प्रकृति, भार, प्रभावकारिता, समय सान्दर्भिकता, औचित्यता, आवश्यकता समेतलाई आधार मानी सूचनाको मूल्य निर्धारण गरी सोही अनुरुप पारिश्रमिक निर्धारण गर्ने।

⊕(४) सूचना बैंकमा प्राप्त भएका सूचना वितरण गर्ने, ग्राहक बनाउने, सूचनाको पहुँचको संयन्त्र एवं अन्य सञ्चार माध्यमलाई विक्री बितरण सम्बन्धमा निर्देशक समितिले उपनियम (२) को अधिनमा रही आवश्यक मापदण्ड बनाउन सक्नेछ।

⊕(५) सूचना बैंकको सचिवालय सञ्चार रजिष्ट्रारको कार्यालयमा रहने छ।

३६. <u>निर्देशक समितिको बैठक</u>ः (१) सूचना बैंकको निर्देशक समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ।

---

⊕ दोस्रो संशोधनद्वारा थप।

(२) बैठकको सूचना र छलफल हुने विषयवस्तुको बारेमा सदस्य सचिवले सामान्यतया बैठक भन्दा २४ घण्टा अगाडि सदस्यहरुलाई जानकारी गराउनेछ।

(३) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-१०

## विविध

३७. **दर्ताको लागि सूचना आव्हान**: (१) सञ्चार रजिष्ट्रारले ऐन प्रारम्भ हुनु अघि प्रकाशन हुँदै आएका पत्रपत्रिका, प्रसारण हुँदै आएका एफ. एम. रेडियो, टेलिभिजन, केवुल टेलिभिजन, केवुल प्रसारक, अनलाइन र पुस्तक प्रकाशनको अभिलेखको लागि ३५ दिनको अवधि तोकी सूचना आव्हान गर्नेछ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र प्रदेशभित्र सञ्चालनमा रहेका पत्रपत्रिका, एफ.एम रेडियो, टेलिभिजन, केबल टेलिभिजन, केवुल प्रसारक, पुस्तक प्रकाशक र अनलाइन सञ्चार माध्यमले सञ्चार रजिष्ट्रार समक्ष अभिलेखीकरण गराई अधावधिक गराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम अभिलेखीकरण नगराउने सञ्चार माध्यमलाई ऐन तथा यस नियमावली बमोजिम प्रदान गरिने कुनै पनि सेवा, सुविधा उपलब्ध गराइने छैन।

३८. **अनुसूचीमा हेरफेर र संशोधन**: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर र संशोधन गर्न सक्नेछ।

३९. **कार्यविधि बनाउन सक्ने**: यस नियमावलीको कार्यान्वयनको लागि आवश्यक विषयमा मन्त्रालयले कार्यविधि बनाई लागू गर्न सक्नेछ।

# अनुसूची -१

✂-------

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

✂ पहिलो संशोधनद्वारा खारेज।

## ※अनुसूची-१क.

(नियम ३, ५ को उपनियम (३) र ७ को उपनियम (७) सँग सम्बन्धित)

**फ्रिक्वेन्सी मोड्ुलेसन (एफ.एम) प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्ने इजाजतपत्रको लागि दिइने निवेदनको ढाँचा**

**श्री सञ्चार रजिष्ट्रारज्यू,**

प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली, २०७६ को नियम ३ बमोजिम फ्रिक्वेन्सी मोडुलेसन प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्ने इजाजतपत्र पाउनको लागि देहायको विवरणहरु खुलाई यो निवेदन पेश गरेको छु/छौं।

१. निवेदकको,

(क) स्थायी ठेगाना
प्रदेशः
जिल्लाः
स्थानीय तहः
वडा नं.:
इमेल ठेगाना :

(ख) अस्थायी ठेगाना
प्रदेशः
जिल्लाः
स्थानीय तहः
वडा नं.:

२. प्रसारण संस्था वा व्यक्तिको,

(क) नाम :
(ख) आर्थिक स्थिति (स्थिर वा चालू पुँजी)
(ग) अनुभव :
(घ) प्राविधिक दक्षता :
(ङ) संस्था दर्ता नं.
(च) भ्याट /प्यान नं.

३. प्रसारण गरिने स्थान :
४. प्रसारण शुरु हुने मिति :
५. प्रसारणको माध्यम :
६. प्रसारणको क्षमता :
७. प्रसारण गर्दा प्रयोग गरिनेः

---

※ पहिलो संशोधनद्वारा थप।

(क) फ्रिक्वेन्सी (ख) ब्याण्ड (ग) ट्रान्समिटर

(घ) एण्टेना (ङ) च्यानल

८. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरुः

९. प्रसारणमा प्रयोग गरिने चिन्ह, संकेत वा लोगो :

१०.प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसँग गरिएको सम्झौता :

११.प्रसारणमा प्रयोग हुने भाषा :

१२.प्रसारणको समयावधि :

१३.प्रसारण गरिने कार्यक्रमहरु :

माथि लेखिएका व्यहोरा ठीक साँचो छ झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला। ,

निवेदकको:

सही :

नाम :

मिति :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## ※अनुसूची-१ख.

(नियम ३, ५ को उपनियम (३) र ७ को उपनियम (७) सँग सम्बन्धित)

**<u>केवुल टेलिभिजन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्ने इजाजतपत्रको लागि दिइने निवेदनको ढाँचा</u>**

**श्री सञ्चार रजिष्ट्रारज्यू,**

प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली, २०७६ को नियम ३ बमोजिम केवुल टेलिभिजन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्ने इजाजतपत्र पाउनको लागि देहायको विवरणहरु खुलाई यो निवेदन पेश गरेको छु/छौं।

१. निवेदकको,

(क) स्थायी ठेगाना
प्रदेशः
जिल्लाः
स्थानीय तहः
वडा नं.:

(ख) अस्थायी ठेगाना
प्रदेशः
जिल्लाः
स्थानीय तहः
वडा नं.:

इमेल ठेगाना :

२. प्रसारण संस्था वा व्यक्तिको,

(क) नाम :

(ख) आर्थिक स्थिति (स्थिर वा चालू पुँजी)

(ग) अनुभव :

(घ) प्राविधिक दक्षता :

(ङ) संस्था दर्ता नं.

(च) भ्याट/प्यान नं.

३. प्रसारण गरिने स्थान :

४. प्रसारण शुरु हुने मिति :

५. प्रसारणको क्षमता :

६. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरुः

---

※ पहिलो संशोधनद्वारा थप।

७. प्रसारणमा प्रयोग गरिने चिन्ह, संकेत वा लोगो :

८. प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसँग गरिएको सम्झौता :

९. प्रसारणमा प्रयोग हुने भाषा :

१०.प्रसारणको समयावधि :

११.प्रसारण गरिने कार्यक्रमहरु :

माथि लेखिएका व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदकको:
सही :
नाम :
मिति :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## ⊕अनुसूची- १ग.

(नियम ५क. को उपनियम (१) सँग सम्बन्धित)

**<u>रेडियो उपकरण अनुमतिपत्रको निवेदन ढाँचा</u>**

श्री सञ्चार रजिष्ट्रारज्यू,
सञ्चार रजिष्ट्रारको कार्यालय,
बागमती प्रदेश।

देहायका रेडियो उपकरण राख्न तथा प्रयोग गर्नाका लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी रेडियो उपकरणको अनुमति पाउनको लागि अनुरोध गर्दछु।

१. रेडियो उपकरण प्रयोग गर्नको उद्देश्य एवं कारण:

२. प्रयोग गर्ने स्थानः

३. प्रयोग गरिने फ्रिक्वेन्सीः

४. रेडियो उपकरणको विवरणः

(क) निर्माताः

(ख) मोडेल नं.

(ग) सिरियल नं.

५. स्टेशनको प्रकार:

६. प्रयोग गरिने प्रणालीको प्रकारः

७. प्रयोग गरिने समयः

८. अन्य विवरणः

निवेदकको:
सहीः
नामः
संस्थाको नामः
ठेगानाः
मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

---

⊕ दोस्रो संशोधनद्वारा थप।

# अनुसूची-२

(नियम ४ को उपनियम (१), नियम ६ को उपनियम (३), नियम १० को उपनियम (१), नियम २४ को उपनियम (१), (३), (५) र नियम २६ को उपनियम (३) सँग सम्बन्धित)

## <u>सञ्चार माध्यम सञ्चालनको निवेदन दिँदा र इजाजतपत्र तथा अन्य प्रमाणपत्र प्रदान गर्दा लाग्ने दस्तुर</u>

१. एफ. एम. रेडियोको लागिः-

(क) निवेदन बापतको दस्तुर

(अ) फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रणाली स्थापना गर्नको लागि - दुई हजार रुपैंया

(ख) इजाजतपत्र बापतको दस्तुर

(अ) फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रस्तुत गर्नको लागिः

- १०० वाट भन्दा माथि २५० वाट सम्मको लागि -एक लाख पचास हजार रुपैयाँ
- २५० वाट भन्दा माथि ५०० वाट सम्मको लागि -तीन लाख रुपैयाँ
- ५०० वाट भन्दा माथि १००० वाट सम्मको लागि -सात लाख पचास हजार रुपैयाँ

(ग) ⊕<u>रेडियो उपकरणको अनुमतिपत्र बापतको दस्तुर</u>

- <u>१०० वाट भन्दा माथि ५०० वाटसम्मको लागि -पाँच हजार रुपैयाँ</u>

अन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

---

⊕ दोस्रो संशोधनद्वारा थप।

- ५०० वाट भन्दा माथि १००० वाटसम्मको लागि -दश हजार रुपैयाँ

२. **टेलिभिजन प्रसारण केन्द्र (स्याटेलाइट बाहेक) स्थापनाको अनुमतिको लागि निवेदन दस्तुर र इजाजत दस्तुर**

**(क) निवेदन बापतको दस्तुर**

(अ) स्याटेलाइट टेलिभिजन बाहेकका केवुल टेलिभिजन वा अन्य सञ्चार माध्यमद्धारा कार्यक्रम प्रसारण गर्न -पाँच हजार रुपैयाँ

(आ) डाउनलिंक र सिग्नल वितरणको लागि -पाँच हजार रुपैयाँ

**(ख) इजाजतपत्र बापतको दस्तुर**

(अ) केवुल टेलिभिजन प्रसारकेन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्न दश लाख रुपैयाँ

(आ) सिग्नल वितरणका लागि पच्चीस हजार रुपैयाँ

(इ) इन्टरनेट प्रोटोकलमा आधारित टेलिभिजन (आइपिटिभी) प्रणालीबाट कार्यक्रम प्रसारण गर्नका लागि प्रति च्यानल पच्चीस हजार रुपैयाँ

(ई) डिजिटल प्रविधिमा आधारित सिग्नल वितरण गर्नका लागि र आँफैले प्रदेश भर केवुलको माध्यमबाट ग्राहक समक्ष कार्यक्रम वितरण गर्न जतिसुकै च्यानल भएपनि - बीस लाख रुपैयाँ

३. **पत्रपत्रिका दर्ताको लागि लाग्ने दस्तुरः**

(अ) दैनिक समाचारपत्रको लागि -एक हजार रुपैयाँ

(आ) अर्धसाप्ताहिक समाचारपत्रको लागि -सात सय रुपैयाँ

(इ) साप्ताहिक समाचारपत्रको लागि -पाँच सय रुपैयाँ

(ई) पाक्षिक समाचारपत्रको लागि -तीन सय रुपैयाँ

(उ) मासिक र अन्य समाचारपत्रको लागि -दुई सय रुपैयाँ

(ऊ) अन्य पत्रपत्रिकाको लागि -दुई सय रुपैयाँ

४. **प्रेस प्रतिनिधि, अस्थायी प्रेस प्रतिनिधि तथा सो सम्बन्धी अन्य दस्तुर**

(क) प्रमाणपत्र लिनको लागि लाग्ने दस्तुरः

(अ) नेपाली नागरिकका लागि -तीन सय रुपैयाँ
(आ)विदेशी नागरिकका लागि -पन्ध्र सय रुपैयाँ
(इ) अस्थायी प्रेस प्रतिनिधिको लागि -एक हजार रुपैयाँ(विदेशी)
(ई) स्वतन्त्र पत्रकारका लागि -छ सय रुपैयाँ
(उ) ⊕अन्य पत्रकारको लागि -तीन सय रुपैयाँ

(ख) संञ्चार संस्था परिवर्तन -एक सय रुपैयाँ
(ग) प्रतिलिपि प्रतिनिधि प्रमाणपत्र -दुई सय रुपैयाँ
(घ) पत्रकारिताको अनुभव प्रमाणित सिफारिस - एक सय रुपैयाँ
(ङ) अध्यक्ष, प्रकाशक, महाप्रवन्धक, प्रबन्ध निर्देशक, व्यवस्थापक, ⊕सम्पादक र सञ्चालक -एक हजार रुपैयाँ
(च) सूचना वितरण दस्तुर: सूचनाको हक सम्बन्धी प्रचलित कानूनले तोके बमोजिम ।

५. ⊕✿अनलाइन दर्ता प्रमाणपत्र दस्तुर -तीन हजार रुपैयाँ

⊕ दोस्रो संशोधनद्वारा थप।
✿ चौंथो संशोधनद्वारा संशोधित।

# अनुसूची- ३

✂-------

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

✂ पहिलो संशोधनद्वारा खारेज।

## ⁕अनुसूची-३क.

(नियम ५ को उपनियम (१) र (३), ७ को उपनियम (८) सँग सम्बन्धित)

**फ्रिक्वेन्सी मोडुलेसन (एफ.एम) प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्ने इजाजतपत्रको ढाँचा**

इजाजतपत्र नं. :

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नामः

२. ठेगाना :

| | |
|---|---|
| (क)स्थायी ठेगाना : | (ख) अस्थायी ठेगाना : |
| प्रदेशः | प्रदेशः |
| जिल्ला : | जिल्ला : |
| नगरपालिका/ गाउँपालिका : | नगरपालिका/गाउँपालिकाः |
| वडा नं : | वडा नं : |
| गाउँ/ टोल : | गाउँ/ टोल : |
| फोन नं. : | फोन नं. : |
| इमेल : | इमेल : |

३. प्रसारण गर्दा प्रयोग गरिने :

| | |
|---|---|
| (क) फ्रिक्वेन्सी : | (ख) व्याण्डः |
| (ग) च्यानेल : | (घ) ट्रान्समिटर : |
| (ङ) एण्टेनाः | |

४. संस्थाको दर्ता नं. र मितिः

५. प्रसारणमा प्रयोग गरिने चिन्ह, संकेत वा लोगो (कलसाइन):

६. प्रसारण क्षमता :

७. प्रसारण प्रणाली स्थापना हुने स्थानः

---

⁕ पहिलो संशोधनद्वारा थप।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

८. प्रसारण शुरु हुने मितिः

९. प्रसारणमा प्रयोग हुने भाषा :

१०. प्रसारणको समयावधि :

११. प्रसारण गरिने कार्यक्रमहरुको प्रकृति :

१२. प्रसारण गर्दा पालन गर्नु पर्ने शर्तहरुः- प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ र प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली, २०७६ मा तोकिएका शर्तका अतरिक्त सञ्चार रजिष्ट्रारको कार्यालयले समय समयमा तोकि दिएका अन्य शर्तहरुको समेत पालन गर्नु पर्नेछ ।

जारी मितिः-

इजाजतपत्र जारी गर्नेः-

दस्तखतः-

नाम, थरः-

पछाडिपट्टि

**नवीकरण भएको विवरण**

| | | |
|---|---|---|
| इजाजतपत्र नं.- | प्रसारणक्षमता- | फ्रिक्वेन्सी- |
| इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नामः- | | कलसाइनः- |

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गर्ने निर्णय मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## ⌘अनुसूची-३ख.

(नियम ५ को उपनियम (१), (३) र नियम ७ को उपनियम (८) सँग सम्बन्धित)

### केवुल टेलिभिजन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्ने इजाजतपत्रको ढाँचा

इजाजत पत्र नं. :

१. इजाजत पत्र पाउने व्यक्ति वा संस्थाको नामः

२. ठेगाना :

| (क)स्थायी ठेगाना : | (ख) अस्थायी ठेगाना : |
| --- | --- |
| प्रदेशः | प्रदेशः |
| जिल्ला : | जिल्ला : |
| नगरपालिका/ गाउँपालिका : | नगरपालिका/गाउँपालिकाः |
| वडा नं : | वडा नं : |
| गाउँ/ टोल : | गाउँ/ टोल : |
| फोन नं. : | फोन नं. : |
| इमेल : | इमेल : |

३. संस्थाको दर्ता नं. र मितिः

४. प्रसारण प्रणाली स्थापना हुने स्थानः

५. प्रसारण शुरु हुने मिति :

६. प्रसारणमा प्रयोग हुने भाषा :

७. प्रसारणमा प्रयोग गरिने चिन्ह, संकेत वा लोगो (कलसाइन):

८. प्रसारण क्षमता :

९. प्रसारण समयावधि :

१०.प्रसारण गरिने कार्यक्रमको प्रकृति :

११.प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरु :

१२.इजाजतपत्र बहाल रहने मिति :

१३.प्रसारण गर्दा पालना गर्नु पर्ने शर्तः प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ र प्रदेश सञ्चार माध्यम व्वस्थापन नियमावली, २०७६ मा तोकिएका

---

⌘ पहिलो संशोधनद्वारा थप।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

शर्तका अतरिक्त सञ्चार रजिष्ट्रारको कार्यालयले समय समयमा तोकि दिएका अन्य शर्तहरुको समेत पालन गर्नु पर्नेछ।

जारी मितिः-

इजाजत पत्र जारी गर्नेः-
दस्तखतः-
नाम, थरः-

पछाडिपट्टि

नवीकरण भएको विवरण

| इजाजतपत्र नं.- | |
|---|---|
| इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नामः- | कलसाइनः- |

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गर्ने निर्णय मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## ⊕अनुसूची- ३ग.

(नियम ५क. को उपनियम (२) सँग सम्बन्धित)

**<u>रेडियो उपकरण अनुमतिपत्र</u>**

देहायका व्यक्ति वा संस्थालाई निम्नलिखित शर्तहरु पालना गर्ने गरी निम्न विवरणको रेडियो उपकरण राख्न तथा प्रयोग गर्न पाउने गरी यो अनुमतिपत्र दिइएको छ।

१. व्यक्ति वा संस्थाको नामः
२. ठेगाना
३. अनुमतिपत्र नं.:
४. प्रयोग गरिने स्थानः
५. प्रयोगको उद्देश्यः
६. प्रयोग गरिने फ्रिक्वेन्सी :
७. प्रसारण क्षमताः
८. रेडियो उपकरणको विवरणः

| S.N. | Details | Transmitter | Antenna | Cavity Filter |
|---|---|---|---|---|
| 1. | Manufacturer: | | | |
| 2. | Model: | | | |
| 3. | Serial No. | | | |
| 4. | Power | | | |
| 5. | No. of set: | | | |
| 6. | Gain/Bandwidth: | | | |

९. प्रयोग गरिने मितिः
१०.स्टेशनको प्रकारः
११.प्रयोग गरिने प्रणालीः
१२.प्रयोग गरिने समयः
१३.अनुमतिपत्रवालाले पालना गर्नुपर्ने शर्तहरुः

(क)
(ख)

अनुमिति प्रदान गर्ने अधिकारीकोः
सही :
नाम :
दर्जाः
मिति :

---

⊕ दोस्रो संशोधनद्वारा थप।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## <u>पछाडी पट्टी</u>

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- ४

✂-------

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

✂ पहिलो संशोधनद्वारा खारेज।

## ⊕अनुसूची- ४क.

(नियम ७ को उपनियम (७) सँग सम्बन्धित)

प्रसारण संस्थाले (एफ.एम. रेडियो/केबल टेलिभिजन) सञ्चारमाध्यम नवीकरणका लागि दिइने निवेदनको ढाँचा

श्री सञ्चार रजिष्ट्रारज्यू,
सञ्चार रजिष्ट्रारको कार्यालय,
बागमती प्रदेश ।

......................(प्रसारण संस्थाको नाम) ले मिति ............................मा प्राप्त गरेको इजाजतपत्र/अनुमतिपत्र नं................................ आ.व................................................ को लागि नवीकरण गरिदिन नवीकरण दस्तुर समेत बुझाई (भौचर नं.........................................) श्रीमान् समक्ष (आवश्यक कागजात संलग्न गरी) अनुरोध गर्दछु/गर्दछौं ।

......................
निवेदक

⊕ दोस्रो संशोधनद्वारा थप।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

# अनुसूची- ५

✂-------

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

✂ पहिलो संशोधनद्वारा खारेज।

## [⊕]अनुसूची- ५क.

(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)

**प्रसारण तथा वितरण शुल्क (रोयल्टी) बुझाएको निवेदनको ढाँचा**

श्री सञ्चार रजिष्ट्रारको कार्यालय,
बागमती प्रदेश।

विषयः प्रसारण तथा वितरण शुल्क बुझिलिने बारे।

.................................................................(संस्थाको नाम र ठेगाना) इ.प्र.नं .............................. प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली, २०७६ को नियम ८ को उपनियम (१) बमोजिम आ.व ................ को प्रसारण तथा वितरण शुल्क देहाय अनुसार संलग्न गरी पेश गरेको छु/छौं।

१. ले.प. प्रतिवेदन अनुसार कुल आय अंकमा रु. ..................................(आ.व.)
अक्षरमा रु. ..................................(आ.व.)

२. कुल आयको २% ले हुन आउने रकम रु अंकमा रु.........................(आ.व.)
अक्षरमा रु....................................(आ.व.)

मिति ................................

उपयुक्त व्यहोरा ठीक साँचो हो । उक्त विवरणमा कुनै फरक पर्न गएमा नियमानुसार लाग्ने शुल्क तथा दण्ड तिर्ने छु/छौं ।

निवेदकः

नामः

सम्पर्क नं.

---

⊕ दोस्रो संशोधनद्वारा थप।

## अनुसूची- ६

(नियम १० को उपनियम (१) र नियम ११ को उपनियम (१) सँग सम्बन्धित)

### <u>पत्रपत्रिका दर्ताको लागि दिइने निवेदनको ढाँचा</u>

फोटो

श्री प्रमुख जिल्ला अधिकारीज्यू ।

...............................

निम्न विवरणको पत्रपत्रिका प्रकाशित गर्ने प्रमाणपत्र पाउन/ अभिलेख दर्ताको लागि पत्रपत्रिका सम्बन्धी निम्न विवरणहरू खुलाई दुई प्रति फोटो र रु. १०।–को टिकट टाँसी यो दरखास्त पेश गरेको छु/छौं।

१. पत्रपत्रिकाको विवरण

(क) नाम :

(ख) किसिम :

(ग) भाषा :

(घ) आकार :

(ङ) पृष्ठ संख्या :

(च) छापिने संख्या :

(छ) प्रकाशित हुने स्थान :

(ज) प्रकाशित हुने दिन :

२. पत्रपत्रिकाको कार्यालय रहने स्थान

(क) स्थायी (ख) अस्थायी

३. सम्पादकको नाम र ठेगाना :

४. सम्पादकको योग्यता :

५. मुद्रकको नाम र ठेगाना :

६. अन्य विवरण :

दरखास्तवालाको,

सही:

नाम:

ठेगाना:

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची–७

(नियम १० को उपनियम (२) सँग सम्बन्धित)

**<u>पत्रपत्रिका प्रकाशित गर्न प्रदान गरिने अस्थायी प्रमाणपत्रको ढाँचा</u>**

सि. नं.

द.नं.

श्री.....................

.........................

तपाईंलाई निम्न विवरणको पत्रपत्रिका प्रकाशित गर्नको लागि यो अस्थायी प्रमाणपत्र दिइएको छ ।

१. पत्रपत्रिकाको विवरण

(क) नाम :

(ख) किसिम :

(ग) भाषा :

(घ) आकार :

(ङ) पृष्ठ संख्या :

(च) छापिने संख्या :

(छ) प्रकाशित हुने स्थान :

(ज) प्रकाशित हुने दिन :

२. पत्रपत्रिकाको कार्यालय रहने स्थान

(क) वडा नं. :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) गाउ/नगर :

(ग) जिल्ला :

३. सम्पादकको

(क) नाम :

(ख) ठेगाना :

(ग) योग्यता :

४. मुद्रकको नाम र ठेगाना :

५ अन्य विवरण :

प्रमुख जिल्ला अधिकारीको,
सही :
नाम :
दर्जा :
कार्यालयको छापः
मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची–८

(नियम १० को उपनियम (३) सँग सम्बन्धित)

**<u>पत्रपत्रिका प्रकाशन गर्न प्रदान गरिने स्थायी प्रमाणपत्रको ढाँचा</u>**

सि. नं.

द.नं.

श्री......................

तपाईंलाई/तपाईंहरुलाई निम्न विवरणको पत्रपत्रिका प्रकाशित गर्नको लागि यो स्थायी प्रमाणपत्र दिइएको छ।

१. पत्रपत्रिकाको विवरण

(क) नाम :

(ख) किसिम :

(ग) भाषा :

(घ) आकार :

(ङ) पृष्ठ संख्याः

(च) छापिने संख्या :

(छ) प्रकाशित हुने स्थान :

(ज) प्रकाशित हुने दिनः

२. पत्रपत्रिकाको कार्यालय रहने स्थान

(क) वडा नं. :

(ख) गाउँ/ नगरः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) जिल्लाः

(घ) प्रदेशः

३. सम्पादककोः

(क) नाम :

(ख) ठेगाना :

(ग) योग्यताः

४. मुद्रकको नाम र ठेगाना :

५. अन्य विवरण :

प्रमुख जिल्ला अधिकारीको
सही :
नाम :
दर्जा :
कार्यालयको छाप :
मिति :-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची-९
(नियम १० को उपनियम (४) र नियम ११ को उपनियम (२) सँग सम्बन्धित)

**दर्ता किताबमा जनाइने पत्रपत्रिकाको विवरणको ढाँचा**

आ.व.

| द.नं. | पत्रिकाको नाम | किसिम | भाषा | आकार | पृष्ठ सङ्ख्या | छापिने प्रति | प्रकाशित हुने स्थान | प्रकाशित हुने दिन | प्रकाशक को नाम | सम्पादकको नाम र ठेगाना | मुद्रकको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची- १०

(नियम १५ को उपनियम (१) र नियम १७ को उपनियम (१) सँग सम्बन्धित)

## <u>अनलाइन पत्रकारिताका लागि दिइने निवेदनको ढाँचा</u>

श्री सञ्चार रजिष्ट्रारज्यू,
सञ्चार रजिष्ट्रारको कार्यालय,
हेटौँडा, मकवानपुर।

म/हामी .......................................................................... नाम गरेको अनलाइन पोर्टल मार्फत प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ तथा प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली, २०७६ को अधिनमा रही पत्रकारिता गर्न इच्छुक भएकोले तहाँ कार्यालयमा सो नामको पोर्टल दर्ता / नवीकरण गर्न रु १० को टिकट टाँसी यो निवेदन दिएका छौँ।

निवेदकको,
सहीः
नाम थरः
पदः
ठेगानाः
सम्पर्क नं.:

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

## ◈अनूसुची- ११

(नियम १५ को उपनियम (३) र १७ को उपनियम (२) सँग सम्बन्धित)

**<u>अनलाइन दर्ता प्रमाणपत्र</u>**

**दर्ता प्रमाणपत्र नं.**

**श्री ................................**

**....................................**

तपाइँ/ तपाइँहरुलाई निम्न विवरणको अनलाइन सञ्चारमाध्यम मार्फत अनलाइन दर्ता/नवीकरण गरी यस कार्यालयबाट यो प्रमाणपत्र दिइएको छ ।

१. अनलाइन सञ्चार माधयमको विवरणः

(क) नाम

(ख) डोमेनः

(ग) भाषाः

२. कार्यालय रहने स्थानः -

३. सञ्चालकको नाम, थर, ठेगाना र सम्पर्क फोन नं. -

४. सम्पादकको नाम, थर, ठेगाना र सम्पर्क फोन नं.-

५. स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि कर नं. -

६. अन्य विवरणः

प्रमाणपत्र जारी गर्नेः-

कार्यालयको छाप सहीः

नाम, थरः

दर्जाः

मितिः

---

◈ पहिलो संशोधनद्वारा संशोधित।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

पछाडीपट्टि

**नवीकरणको विवरण**

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरणको निर्णय मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- १२

(नियम १९ को उपनियम (१) सँग सम्बन्धित)

## <u>सञ्चार संस्थाको हक हस्तान्तरण गर्दा दिने जानकारीको ढाँचा</u>

श्री सञ्चार रजिष्ट्रारज्यू,
सञ्चार रजिष्ट्रारको कार्यालय,
हेटौंडा, मकवानपुर।

त्यस ........................................................ कार्यालयमा मिति .................. मा .................. नाउँमा दर्ता भएको द.नं. .............................. को ........................... सञ्चार माध्यम (एफ.एम. / टेलिभिजन / केवुल टि.भी / पत्रपत्रिका / अनलाइन / अन्य सञ्चार माध्यम) मिति .......................... मा ..................... बाट मैले/ हामीले प्राप्त गरेकोले सो सञ्चार माध्यमको स्वामित्व हस्तान्तरण भएको कागजातको प्रमाणित प्रतिलिपि संलग्न गरी यो जानकारी पेस गरेको छु / छौं। उक्त सञ्चार संस्था मेरो/ हाम्रो नाउँमा कामय गरी पाउन अनुरोध गर्दछु/छौं।

निवेदकको :
सही :
नाम :
ठेगाना :
मिति :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची - १३

(नियम १९ को उपनियम (२) सँग सम्बन्धित)

**स्वामित्व हस्तान्तरण भएका सञ्चार माध्यमहरुको दर्ता राखिने ढाँचा**

| द.नं. | सञ्चार माध्यम को नाम | किसिम | दर्ता मिति | हस्तान्तरण भएको मिति | हस्तान्तरण गर्नेको नाम र ठेगाना | हस्तान्तरण गरी लिने व्यक्तिको नाम र ठेगाना | कानून बमोजिम बुझाउनु पर्ने शुल्क बुझाएको /नबुझाएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## ⊕अनसूची -१३क.

(नियम २१ को उपनियम (१) सँग सम्बन्धित)

**<u>इजाजतपत्र/अनुमतिपत्रमा उल्लिखित विवरण बदल्नको लागि दिइने निवेदनको ढाँचा</u>**

श्री सञ्चार रजिष्ट्रारज्यू,
सञ्चार रजिष्ट्रारको कार्यालय,
बागमती प्रदेश।

.....................(प्रसारण संस्थाको नाम) ले मिति ...........................मा प्राप्त गरेको इजाजतपत्र/अनुमतिपत्र नं ............... मा उल्लिखित विवरणहरु मध्ये देहायका विवरणहरु ............................ कारणले बदल्नु पर्ने भएकोले प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली, २०७६ को नियम २१ को उपनियम (१) बमोजिम लाग्ने दस्तुर सहित इजाजतपत्र/अनुमतिपत्रको सक्कलै प्रति संलग्न गरी यो निवेदन गरेको छु/छौं।

विवरण बदल्नु पर्ने कुराहरु
(क)
(ख)
(ग)
(घ)

निवेदकको
सहीः
नामः
ठेगानाः
मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

⊕ दोस्रो संशोधनद्वारा थप।

## अनुसूची - १४

(नियम २४ को उपनियम (१), (४) र नियम २६ को उपनियम (२) सँग सम्बन्धित)

**प्रेस प्रतिनिधि/अस्थायी प्रेस प्रतिनिधिको लागि दिइने दरखास्तको ढाँचा**

**(नवीकरणका लागि समेत)**

श्री सञ्चार रजिष्ट्रारज्यू,
सञ्चार रजिष्ट्रारको कार्यालय,
हेटौंडा, मकवानपुर।

..............................................को तर्फबाट प्रेस प्रतिनिधि/अस्थायी प्रेस प्रतिनिधि/ नवीकरण गर्न/ भई .................. जिल्लामा मिति................ देखि......................सम्म काम गर्न इच्छुक भएकोले निम्न कागजातहरू समेत संलग्न गरी दुई प्रति फोटो र रु. १०।– को टिकट टाँसी यो दरखास्त पेश गरेको छु । मेरो नाममा प्रेस प्रतिनिधि/अस्थायी प्रेस प्रतिनिधिको प्रमाणपत्र पाउन अनुरोध गर्दछु ।

संलग्न कागजातहरूः-

१. सम्बन्धित संस्थाको सिफारिश पत्र
२. नियम २३ बमोजिमको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
३. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
४. व्यक्तिगत विवरण फाराम
५. दरखास्तवालाको अनुभव ।

दरखास्तावालाको,
सहीः
नामः
ठेगानाः
(क) स्थायीः
(ख) अस्थायीः
मितिः



आन्तरिक मामिला तथा आन्तरिक कानून मन्त्रालय बागमती प्रदेश

## अनुसूची- १५

(नियम २४ को उपनियम (२) र (५) सँग सम्बन्धित)

**स्थायी प्रेस प्रतिनिधि/अस्थायी प्रेस प्रतिनिधि/स्वतन्त्र प्रतिनिधि प्रमाणपत्रको ढाँचा**

सि.नं.

द.नं.

फोटो

श्री ......................................।

तपाँईलाई देहायको शर्त बन्देजमा रहने गरी प्रेस प्रतिनिधि/अस्थायी प्रेस प्रतिनिधिको रुपमा काम गर्न पाउने गरी यो प्रमाणपत्र दिइएको छ।

१. प्रमाणपत्र पाउने व्यक्तिको नागरिकता :

२. प्रमाणपत्र पाउने व्यक्तिको ठेगाना :

(क) स्थायी :

(ख) अस्थायी :

३. प्रमाणपत्रको किसिम :

४. प्रमाणपत्रको अवधि :

(क) स्थायी :

(ख) अस्थायी :

५. पत्रपत्रिका वा संस्थाको नाम :

६. प्रमाणपत्र पाउने व्यक्तिले समाचार संकलन गर्ने क्षेत्र :

७. प्रमाणपत्र पाउने व्यक्तिले गर्ने काम :

८. प्रमाणपत्र पाउने व्यक्तिले पालना गर्नुपर्ने शर्तहरु :

(क)

(ख)

सञ्चार रजिष्ट्रारको,

सही :

कार्यालयको नाम र छापः

मिति :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश